नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शिक्षा विकास तथा समन्वय इकाइ
घोराही दाङ
☎०८२-५६०००९
☎०८२-५६२२१०
Email:deoghorahi@gmail.com

पत्र सङ्ख्या :- २०८२/८३
चलानी नं. :- १७१४

मितिः २०८२।०९।२८

## माध्यमिक तहको अध्यापन अनुमतिपत्र वितरणसम्बन्धी सूचना ।

शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरको विज्ञापन नं. ४३/०८२/८३, माध्यमिक तहको अध्यापन अनुमति पत्रको लिखित परीक्षामा लुम्बिनी प्रदेश, दाङ जिल्लाका विभिन्न परीक्षा केन्द्रहरुबाट सहभागी भई सफल उम्मेदवारहरुको अध्यापन अनुमति पत्रको वितरण कार्य यहि मिति २०८२ पुस २९ गतेदेखि शुरु हुने भएकोले अध्यापन अनुमतिपत्र वितरण र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० ले तोकेबमोजिम तपसिलका कागजातहरु संलग्न राखी फायलसहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उम्मेदवारले आफ्नो अध्यापन अनुमतिपत्र मिति २०८३ असार २९ गतेभित्र बुझि लैजानुपर्नेछ ।

तिलक राम वन्जाडे
शाखा अधिकृत

**तपसिल (पेश गर्नुपर्ने कागजातहरु):**

१) निवेदन (अनुसूची-१ बमोजिम)
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
३) अध्यापन अनुमतिपत्र परीक्षाको प्रवेशपत्र।
४) एसएलसी/एसइइ उत्तीर्ण मार्कशिट/ग्रेडशिट र चारित्रिक प्रमाणपत्र (Character Certificate)को प्रतिलिपि ।
५) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्णको transcript र चारित्रिक प्रमाणपत्र (Character Certificate) को प्रतिलिपि ।
६) दरखास्त दिने अन्तिम मितिसम्मको स्नातक तह उत्तीर्ण Transcript र चारित्रिक प्रमाणपत्र (Character Certificate) को प्रतिलिपि ।
७) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेको प्रमाणपत्र ।(मान्यताप्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र तर्फ स्नातक वा स्नातकोत्तर उत्तीर्ण गरेकाको हकमा उक्त योग्यता नै तालिम सरह हुने ।) तर विज्ञान, गणित, अंग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, पशुपालन र वाली विज्ञान विषयमा स्नातक वा स्नातकोत्तर गरेका व्यक्तिको हकमा तालिम नलिए पनि मान्यता हुने ।
८) हालसालै खिचिएको अटो साइजको २ प्रति फोटो ।
९) विदेशी शैक्षिक संस्थाबाट शैक्षिक योग्यता वा तालिम हासिल गरेको भए समकक्षता (Equivalence) को प्रमाणपत्र ।
१०) उम्मेदवार आफू उपस्थित हुन नसक्ने अवस्थामा, कारण खुलाई मन्जुरीनामा पत्रसहित मन्जुरीनामा लिई आउने व्यक्तिको नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

*पुनश्चः शैक्षिक योग्यता एवम् तालिम लगायतका प्रमाणपत्रका प्रतिलिपि उम्मेदवार आफैले प्रमाणित गरी (प्रतिलिपि कागजातको पछाडी भागमा "**सक्कल बमोजिम नक्कल ठिक छ**" लेखि उम्मेदवारले हस्ताक्षर गरी) पेश गर्नुपर्नेछ । साथै उल्लेखित कागजातहरुको सक्कल (Original) प्रति रुजू प्रयोजनका लागि अनिवार्य साथमा लिई आउनुपर्नेछ। अन्यथा कार्यालयबाट हुन जाने असुविधाप्रति उम्मेदवार स्वयम् जिम्मेवार हुनुपर्नेछ । अध्यापन अनुमति पत्रको वितरण कार्यालयमा उपलब्ध टोकनका आधारमा पहिलो आउने सेवाग्राहीलाई पहिलो सेवा (First-Come, First-Serve) को आधारमा क्रमैसँग गरिनेछ । निवेदकको सङ्ख्या बढी भई कार्यालय समयमा सेवा प्रदान गर्न नसकिने अवस्थामा भोलिपल्ट कार्यलिय समयमा उपलब्ध गराइनेछ । खाजा खाने समय दिउँसो १:३० देखि २:०० बजेसम्म ।*

Scanned with CamScanner